# संविधान संशोधन र शान्ति प्रक्रियालाई अगाडी बढाउन राजनीतिक दलहरुका बीच भएको सहमति

विस्तृत शान्ति सम्झौता लगायत विभिन्न समयमा भएका सम्झौता, सहमति र निर्णयहरुलाई आत्मसात् गर्दै संविधानसभाबाट तोकिएको समयमा नयाँ संविधान निर्माण गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ तुल्याउँदै सहकार्यका साथ अघि बढ्न निम्नलिखित सहमति गरिएको छ -

## १. संविधान संशोधन

१.१ राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री तथा संविधानसभाका अध्यक्ष र उपाध्यक्षको निर्वाचन सहमतिको आधारमा हुनेछ। सहमति हुननसकेमा संविधानसभाका सदस्यहरुको सामान्य बहुमतको आधारमा हुनेछ । प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्ने कार्य सामान्य बहुमतको आधारमा हुनेछ । यी लगायतका विषयमा संशोधान गर्न तथा नेपालको अन्तरिम संविधान, २०६३ का संविधानसभा र व्यवस्थापिका संसदको कार्यप्रणालीका सम्बन्धमा दोहोरिएका प्रावधानहरुलाई संशोधन गर्न संशोधन विधेयक संविधानसभाको बैठकमा पेश गरिनेछ।

१.२ संवैधानिक परिषदमा विपक्षी दलको नेता रहने व्यवस्था गरिनेछ।

१.३ संविधानसभामा सरकारको तर्फबाट विधेयक प्रस्तुत हुँदाका बखत राष्ट्रिय सुरक्षा परिषद्मा प्रमुख विपक्षी दलको नेता रहने वा नरहने भन्ने सम्बन्धमा सात राजनीतिक दलहरुका बीच मतभेद भएकोले संविधानसभाले निर्णय गर्नुपर्ने कुरा स्पष्ट गरिनेछ।
(राष्ट्रिय सुरक्षा परिषद्मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेपाल कम्युनिष्ट पार्टी (एमाले), जनमोर्चा नेपालको मत विपक्षी दलको नेता रहनु पर्छ भन्ने नेपाली काँग्रेस नेपाल कम्युनिष्ट पार्टी (माले) र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को मत रह्यो । राष्ट्रिय सुरक्ष परिषद्मा सबै राजनीतिक दलका नेताहरुको प्रतिनिधित्व हुनुपर्ने नेपाल मजदुर किसान पार्टीको मत रह्यो)।

१.४ संविधानको धारा १४६ अन्तर्गत विशेष समितिमा संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलका प्रतिनिधिहरु रहने व्यवस्था गर्ने गरी संविधान संशोधन गरिनेछ।

## २. समायोजन र पुनर्स्थापना तथा हतियारको व्यवस्थापन

२.१ विस्तृत शान्ति सम्झौता तथा नेपाल सरकार र नेकपा (माओवादी) का बीच संयुक्त राष्ट्र संघका प्रतिनिधिको रोहवरमा भएको सेना र हतियारको व्यवस्थपान अनुगमन सम्बन्धभी सम्झौता अनुरुप अस्थाई शिविरहरुमा संयुक्त राष्ट्र संघद्वारा दर्ता र प्रमाणीकरण भएका माओवादी सेनाका लडाकुहरुको बढीमा ६ महिना भित्र समायोजन र पुनर्स्थापना तथा हतियारको व्यवस्थापन गरिनेछ। यसका लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४६ मा उल्लेखित विशेष समितिमा संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलका प्रतिनिधिहरु रहनेछन् । सो समिति मातहत विशेषज्ञहरु सम्मिलित प्राविधिक समिति रहन सक्ने छ। मन्त्रिपरिषद् गठन भएको १५ दिन भित्र विशेष समिति निर्माण गरी त्यसले आफ्नो काम आरम्भ गर्नेछ। समायोजन र पुनर्स्थापना नभएका प्रमाणित लडाकुहरुको लागि ६ महिना पछि राज्यले कुनै दायित्व लिने छैन।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.smartpdfcreator.com

२.२ नेपालको अन्तरीम संविधान, २०६३ को धारा १४६ मा उल्लेखित विशेष समितिले विस्तृत शान्ति सम्झौता तथा नेपाल सरकार र नेकपा (माओवादी) का बीच संयुक्त राष्ट्र संघका प्रतिनिधिको रोहवरमा भएको सेना र हतियारको व्यवस्थापन र अनुगमन सम्बन्धी सम्झौताको आधारमा निम्नलिखित विषयहरुका अतिरिक्त विशेष समितिको सहमतिबाट तोकिएका कामहरु पर्नेछन् -

२.२.१ शिविरमा दर्ता भई प्रमाणीकरण भएका माओवादी सेनाका लडाकुहरुको अवस्थाको जानकारी लिनेछ ।

२.२.२ माओवादी सेनाका प्रमाणीकरण भएका लडाकुहरुलाई आर्थिक प्याकेज समेत पुनर्स्थापनाको विविध विकल्प रोज्ने अवसर दिइनेछ ।

२.२.३ समायोजनको विकल्प रोज्ने प्रमाणीकरण भएका माओवादी सेनाका लडाकुहरुको हकमा नेपाल सरकार र नेकपा (माओवादी) का बीच संयुक्त राष्ट्र संघका प्रतिनिधिको रोहबरमा सम्पन्न सेना र हतियारको व्यवस्थापन र अनुगमन सम्वन्धी सम्झौताको बुँदा नम्बर ४।१।३ मा उल्लेखित अस्थायी शिविरहरुमा रीतपूर्वक दर्ता भएका माओवादी सेनाका लडाकुहरु मात्रै स्थापित मान्यता (Standard norms) पूरा गरी सुरक्षा निकायहरुमा गरिने सम्भावित समायोजनका लागि योग्य हुनेछन् भन्ने व्यवस्था अनुसार गरिनेछ ।

२.२.४ समायोजन र पुनर्स्थापनाको काम समाप्त नहुँदासम्म माओवादी सेनाका लडाकुहरु तथा शिविर भित्र र बाहिर रहेका हतियार विशेष समितिको रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछन् ।

२.२.५ माओवादी सेनाका लडाकुहरुको समायोजन र पुनर्स्थापनाको आरम्भदेखि नै लडाकुहरुको कुनै राजनीतिक संगठनमा संलग्नता रहने छैन तथा राजनीतिक र सैनिक दोहोरो जिम्मेवारी भएका व्यक्तिहरुले दुई मध्ये कुनै एकको छनौट गर्नुपर्नेछ ।

२.३ नेपाल सरकार र नेकपा (माओवादी) का बीच संयुक्त राष्ट्र संघका प्रतिनिधिको रोहबरमा सम्पन्न सेना र हतियारको व्यवस्थापन र अनुगमन सम्बन्धी सम्झौता अनुरुप सेना तथा हतियार व्यवस्थापनको अनुगमन सम्वन्धमा संयुक्त राष्ट्र संघले हाल गरिरहेको कार्यलाई अरु ६ महिनासम्मको लागि निरन्तरता दिन आग्रह गरिनेछ ।

## ३. वाई.सी.एल. को कार्यशैली र क्रियाकलापमा परिवर्तन

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को योङ्ग कम्युनिष्ट लिग (वाइ.सी.एल्.) को अर्ध-फौंजी कार्यशैली र क्रियाकलाप पूर्ण रुपमा समाप्त गरी त्यसको नियन्त्रणमा रहेका सबै सार्वजनिक, सरकारी तथा निजी भवन र जग्गा १५ दिनभित्र खाली गरी सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता गरिनेछ । अव उप्रान्त वाई.सी.एल्. को व्यवहार प्रचलित नियम-कानून बमोजिम हुनेछ भनी नेकपा (माओवादी) का तर्फबाट सबै राजनीतिक दलहरुलाई पूर्ण रुपमा आश्वस्त गरिएको छ । यसको कार्यान्वयन भए नभएको सुपरिवेक्षण-अनुगमनका लागि स्थानीय प्रशासनको पहलमा सात दिनभित्र राजनीतिक दल, मानव अधिकारवादी र स्थानीय प्रशासनका प्रतिनिधि सम्मिलित अनुगमन समिति गठन गरिनेछ ।

## ४. कब्जा सम्पत्ति फिर्ता

२०६३।१२।१६ मा आठ राजनीतिक दलहरुका बीच भएको सहमतिको बुँदा नं. १ मा उल्लेखित "द्वन्द्वको सन्दर्भमा हालसम्म माओवादी पक्षको नियन्त्रणमा रहेका निजी वा सरकारी घर, जग्गा, कार्यालय, कल-

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

कारखाना, सवारीसाधन आदि समेतका सम्पत्ति सम्बन्धीत व्यक्ति र निकायलाई फिर्ता गरिएको छ । यसरी फिर्ता भएको घर, जग्गा, कल-कारखाना, कार्यालय समेतका सम्पत्ति त्यसको स्वामित्व राख्ने व्यक्ति तथा संस्थालाई उपभोग र उपयोग गर्ने काममा कतैबाट बाधा अवरोध भएमा कानून बमोजिम प्रशासनले कारवाही गर्नेछ ।" भन्ने सहमतीलाई नेकपा (माओवादी) को तर्फबाट तत्काल घोषणा गरी १५ दिन भित्र कार्यान्वयन गरिनेछ । कार्यान्वयनको अनुगमन गर्न राजनीतिक दलका प्रतिनिधिहरु सम्मिलित केन्द्रीय स्तरमा अनुगमन समिति गठन गरिनेछ ।

## ५. आयोगहरुको गठन

विस्तृत शान्ति सम्झौता लगायतका सम्झौता र सहमतिका कार्यान्वयन हुन बाँकी प्रावधानहरुलाई कार्यान्वयन गर्दै राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग, सत्य निरुपण र मेलमिलाप आयोग, राज्यको पुनःसंरचनासम्बन्धी उच्चस्तरीय आयोग, वेपत्ता पारिएकाहरुको खोजी गर्नेसम्बन्धी आयोग र बैज्ञानिक भूमि सुधारसम्बन्धी अध्ययन तथा सुझाव आयोग लगायत नेपालको अन्तरिम संविधानको धारा १५४ ले व्यवस्था गरेका गठन हुन बाँकी आयोगहरु राजनीतिक सहमतिको आधारमा एक महिना भित्र गठन गरिनेछन् ।

## ६. द्वन्द्व पीडितहरुलाई राहत

६.१ द्वन्द्वका कारण विस्थापितहरुको ससम्मान पुनःस्थापना गरिनेछ । द्वन्द्वका क्रममा मारिएका व्यक्तिका परिवारलाई राहत दिइनेछ तथा वेपत्ताहरुको खोजी र बाँकी राजबन्दीहरुलाई रिहा गरिनेछ । द्वन्द्वका कारण क्षति भएका भनी प्रमाणीत सम्पत्तिको क्षतिपूर्ति तथा घर-जग्गा लगायतका सम्पत्ति कब्जामा परेकाहरुलाई राहत दिइनेछ । जनआन्दोलन र द्वन्द्वका क्रममा घाइते भई उचित उपचार नपाएकाहरुलाई उपचारको व्यवस्था गरिनेछ ।

६.२ निर्वाचनका सिलसिलामा मारिएका उम्मेदवार लगायतका राजनीतिक कार्यकर्ताका परिवारहरुलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै घाइतेहरुको उपचार गरिनेछ । निर्वाचनका क्रममा आगजनी र लुटपाट गरिएका सम्पत्ति बापत सम्बन्धित व्यक्तिलाई राहत दिइनेछ । निर्वाचनको समयमा घटेका अपराधजन्य घटनाहरुको छानबिन गरी दोषीहरु उपर कानूनी कार्वाई गरिनेछ ।

## ७. विविध

७.१ राजनीतिक दलका गतिविधिहरु देशको जुनसुकै भागमा पनि निर्वाध रुपमा संचालन गर्नपाउने हक पूर्ण रुपमा सुनिश्चित गरिनेछ । राज्यको समानान्तर कुनैपनि स्वरुपका संरचना संचालन गर्न पाइने छैन ।

७.२ जनताको जीउ-धनको सुरक्षा तथा समाजमा शान्ति सुव्यवस्था कायम गर्ने कुरामा प्रतिवद्ध हुँदै सोही अनुरुप राज्य संयन्त्र निष्पक्ष रुपमा परिचालित गरिनेछ । संक्रमणकालमा विभिन्न अपराधिक तत्वहरुले समाजमा फैलाउन सक्ने अपराधिक क्रियाकलापहरुलाई राज्यबाट निरुत्साहित गर्ने वातावरण सिर्जना गरिनेछ ।

७.३ सरकारी संचार माध्यमको निष्पक्षता सुनिश्चित गरिनेछ । न्यायालय, संवैधानिक निकाय, प्रशासन, सेना, प्रहरी लगायत राज्यका सबै अंगहरु निष्पक्ष रुपमा संचालन हुने कुरा सुनिश्चित गरिनेछ ।

७.४ संविधान निर्माणको काममा केन्द्रित भई अगाडी बढ्न र समयमै नयाँ संविधानको घोषणा गर्न सहमति र सहकार्यको बाटो अवलम्वन गरिनेछ ।



This document was created using SmartPDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

७.५ राजनीतिक दलका नेताहरुका लागि आवश्यक सुरक्षा व्यवस्था नेपाल सरकारले गर्नेछ । त्यस्तो व्यवस्था बाहेकको अलग सुरक्षा संयन्त्र रहने छैन ।

१. श्री पुष्पकमल दाहाल (प्रचण्ड)
अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
२. श्री रामचन्द्र पौडेल
उप-सभापति, नेपाली काँग्रेस
३. श्री झलनाथ खनाल
महासचिव, नेपाल कम्युनिष्ट पार्टी (एमाले)
४. श्री चन्द्रप्रकाश मैनाली
अध्यक्ष, संयुक्त वाम मोर्चा
५. श्री अमिक शेरचन
अध्यक्ष, जनमोर्चा नेपाल
६. नारायणमान विजुक्छे
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी
७. श्री श्यामसुन्दर गुप्ता
महासचिव, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

२०६५।३।११।४

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com